## सिद्धार्थ ल क्याम्पसको क्याम्पस प्रमुख छनोट तथा सिफारिससम्वन्धी कार्यविधि, २०८१

स्वीकृत मिति: २०८१।११।१५ गते

**प्रस्तावना:**

सिद्धार्थ ल क्याम्पस, हेटौंडा, मकवानपुरको सिद्धार्थ ल क्याम्पस सञ्चालन तथा व्यवस्थापन नियमावली, २०८० को नियम १७ बमोजिम क्याम्पसको शैक्षिक तथा प्रशासनिक कार्यका लागि क्याम्पस संचालन समितिको मिति २०८१।१०।२४ गतेको बैठकबाट क्याम्पस प्रमुखको नियुक्तिका लागि गठन भएको क्याम्पस प्रमुख छनोट तथा सिफारिस समितिले छनोट प्रक्रियालाई व्यवस्थित एवम् पारदर्शी बनाई उपयुक्त उम्मेदवारको छनोट तथा सिफारिस गर्न सहज होस् भन्ने अभिप्रायले, सिद्धार्थ ल क्याम्पस सञ्चालन तथा व्यवस्थापन नियमावली, २०८० को नियम ३२ ले दिएको अधिकार प्रयोग गरी क्याम्पस प्रमुख छनोट तथा सिफारिस समितिको मिति २०८१।११।१५ गतेको वैठकबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "सिद्धार्थ ल क्याम्पस, क्याम्पस प्रमुख छनोट तथा सिफारिससम्वन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत मितिदेखि क्याम्पस प्रमुख छनोट तथा सिफारिस नभएसम्म कायम रहनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उम्मेदवार" भन्नाले सिद्धार्थ ल क्याम्पस, क्याम्पस प्रमुख पदमा सिफारिसका लागि कार्ययोजना सहित निवेदन र आवश्यक कागजातहरुसहित अनुसूची-२ बमोजिमको आवेदन पेश गर्ने यस कार्यविधिबमोजिम योग्य भएको व्यक्तिलाई सम्झनु पर्दछ।

(ख) "क्याम्पस" भन्नाले सिद्धार्थ ल क्याम्पस हेटौंडा, मकवानपुरलाई सम्झनु पर्दछ ।

(ग) "कार्ययोजना" भन्नाले सिद्धार्थ ल क्याम्पस, क्याम्पस प्रमुख पदका उम्मेदवारले सिद्धार्थ ल क्याम्पस सञ्चालन तथा व्यवस्थापन नियमावली, २०८० र कार्यविधिको अधिनमा रही क्याम्पसको समग्र विकास गर्नका लागि अनुसूची-१ बमोजिम पेश गर्ने व्यावसायिक कार्ययोजना सम्झनु पर्दछ ।

(घ) "तोकिएको समय" भन्नाले क्याम्पस प्रमुखका लागि कार्ययोजनासहित निवेदन र आवश्यक कागजातहरु पेश गर्न तोकिएको अन्तिम मिति र समय सम्झनु पर्दछ ।

(ङ) "नियमावली" भन्नाले सिद्धार्थ ल क्याम्पस सञ्चालन तथा व्यवस्थापन नियमावली, २०८० सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले सिद्धार्थ ल क्याम्पसको सञ्चालक समितिको निर्णयबमोजिम गठन भएको छनोट तथा सिफारिस समिति सम्झनु पर्दछ ।

३. <u>बैठक सम्वन्धी व्यवस्था:</u> (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिमको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको वैठकबाट स्वीकृत कार्यविधिअनुसार सिफारिस समितिले आफ्नो कार्य सम्पादन गर्नेछ ।

(३) समितिले आवश्यकतानुसार सम्वन्धित विषयवस्तुको विज्ञलाई वैठकमा आमन्त्रण गर्न वा कुनै कामको लागि जिम्मेवारी प्रदान गर्न सक्नेछ।

(४) बैठकको बहुमत सदस्यको निर्णय मान्य हुनेछ ।

(५) बैठको निर्णय अध्यक्षले प्रमाणित गर्नेछ ।

४. <u>उम्मेदवार लागि योग्यता र छनोटको मापदण्ड:</u> (१) नियमावलीको नियम १७ बमोजिम उम्मेदवारको लागि योग्यता र छनोटको मापदण्ड देहायानुसार हुनेछ:

क. मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको,

ख. ३० वर्ष उमेर पूरा भई ५५ वर्ष ननाघेको,

ग. विश्वविद्यालय तहका कक्षामा कम्तीमा पाँच वर्षको शैक्षिक अध्यापन वा प्रशासनिक/व्यवस्थापकीय कार्य अनुभव भएको

घ. प्रचलित कानुनले अयोग्य नठहरिएको (अनुसूची-३ बमोजिम स्वःघोषणा पत्र पेस गर्ने)।

(२) छनोटका सवै प्रक्रिया पूरा गरेका उम्मेदवारमध्येबाट योग्यताक्रमका आधारमा ३ जनालाई वर्णानुक्रमका आधारमा सिफारिस गरिनेछ ।

५. <u>कार्ययोजना सहितको निवेदन माग गर्ने सम्वन्धी व्यवस्था:</u> (१) नियमावलीको नियम १७ बमोजिम योग्यता पुगेका इच्छुक आवेदकहरुबाट यस कार्यविधिको अनुसूची - १ को बमोजिमको कार्ययोजनासहितको निवेदन र आवश्यक कागजातहरु पेस गर्न १५ दिनको

सार्वजनिक सूचना स्थानीय/राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नेछ र उक्त सूचनालाई क्याम्पस र हेटौंडा उपमहानगरपालिकाको वेभसाइट/सूचनापाटीमा प्रकाशन गरिनेछ ।

(२) इच्छुक उम्मेदवारले तोकिएको म्यादभित्र आफ्नो व्यावसायिक कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरु गोप्य खामवन्दी गरी दर्ता गराउनुपर्नेछ । क्याम्पसको व्यावसायिक कार्ययोजनाको पहिलो पेजमा नाम लेखी दस्तखत गरी अन्य पेजमा कुनै सङ्केत गर्न पाइने छैन। कार्ययोजना र अन्य कागजातहरु अलग अलग हुनुपर्नेछ।

(३) इच्छुक उम्मेदवारले व्यावसायिक योजनाको प्रस्तुतीकरणका लागि Power Point फाइलको हार्ड र सफ्टकपी समेत पेस गर्नुपर्नेछ ।

(४) इच्छुक उम्मेदवारले यस कार्यविधि बमोजिमका आवेदन र माग गरिएका कागजात तथा अन्य विषय सचिवालयमा बुझाउनु पर्नेछ।

६. <u>कार्ययोजनाको अध्ययन:</u> (१) तोकिएको समयभित्र प्राप्त भएका व्यावसायिक कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरुको समितिले वा समितिले तोकेको विज्ञ वा विज्ञ समूहबाट अध्ययन गरी/गराई मूल्याङ्कन गर्नेछ ।

(२) प्राप्त भएका कार्ययोजनासहितको निवेदन र आवश्यक कागजातहरुको अध्ययन अनुसूची-१ बमोजिमका विषयवस्तुको आधारमा गर्नुपर्नेछ ।

(३) उपदफा (२) अनुसार कार्ययोजना अध्ययन गर्दा कुनै अस्पष्टता भएमा समिति वा समितिले तोकेको विज्ञ वा विज्ञ समूहले आफै निर्णय गर्न सक्नेछ।

(४) कार्ययोजनाको मूल्याङ्कन कोडिङ्ग गरी गोप्य तरिकाले कम्तीमा ३ जना विज्ञबाट गराइनेछ र ३ जनाले दिएको अंकबाट औषत प्राप्ताङ्क निकालिनेछ ।

७. <u>छनोट तथा सिफारिससम्बन्धी व्यवस्था:</u> (१) छनोट तथा सिफारिस समितिमा प्राप्त भएका अनुसूची-१ बमोजिम सबै उम्मेदवारहरुको मूल्याङ्कन गरी उत्कृष्ट तीन जना उम्मेदवारको देवनागरी वर्णानुक्रमका संक्षिप्त सूची प्रकाशन गरिनेछ।

(२) तेस्रो नम्बरमा एक भन्दा बढी उम्मेदवारको समान अङ्क भएमा समान अङ्क प्राप्त गर्ने सबैलाई संक्षिप्त सूचीमा समावेश गरिनेछ । तर तीन जना वा सो भन्दा कम उम्मेदवारको आवेदन परेमा न्यूनतम योग्यता पूरा गरेका सबै उम्मेदवारहरुलाई कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्तामा समावेश गरिनेछ।

(३) कार्य योजनाको प्रस्तुतीकरण र अन्तर्वार्ताको लागि छनोट भएका उम्मेदवारको व्यावसायिक कार्य योजनाको प्रस्तुतीकरण र अन्तर्वार्ताको अङ्क कुल अङ्क १०० मा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरु मध्येबाट उत्कृष्ट तीनजना उम्मेदवारको नाम देवनागरी वर्णानुक्रमका आधारमा सिफारिस समितिले क्याम्पस सञ्चालक/व्यवस्थापन समिति समक्ष सिफारिस गर्नेछ।

(४) कुनै दुईजना उम्मेदवारको मूल्याङ्कनको अङ्क समान भएमा स्थानीय पालिकामा बसोबास भएका एवम् महिला उम्मेदवारलाई प्राथमिकता दिइनेछ।

(५) उफा (४) बमोजिमसमेत समान अङ्क भई छनोटमा द्विविधा भएमा स्नातकोत्तर तहमा प्राप्त भएको उच्च प्रतिशतलाई आधार मानिनेछ ।

८. <u>उम्मेदवारहरूको अल्पसूची:</u> पहिलो चरणको मूल्याङ्कनमा उच्चतम अङ्क प्राप्त गर्ने आवेदकमध्ये सामान्यतया ५० प्रतिशत उम्मेदवारलाई अल्पसूची (Short list) मा राख्न सकिने र सोको आधारमा कार्य योजना प्रस्तुति र अन्तर्वार्ता लिइनेछ ।

९. <u>प्रस्तुति तथा अन्तर्वार्ता:</u> देहायको अवस्थामा बाहेक दफा ८ बमोजिम कायम भएको अल्पसूची (Short list) मा रहेका उम्मेदवारहरूलाई सार्वजनिक सूचना प्रकाशन गरी दफा ७ बमोजिम अन्तर्वार्ताका लागि आमन्त्रण गरिनेछ । यस्तो प्रस्तुति र अन्तर्वार्ता कार्यक्रममा पूर्वसूचना बमोजिम अनुपस्थित हुने उम्मेदवारलाई पुनः प्रस्तुति र अन्तरवार्ताका लागि आमन्त्रण गरिनेछैन ।

(क) भवितव्य परेमा

(ख) सुत्केरी भएमा

(ग) किरिया बस्नु परेमा

(घ) सरकारी कामकाजमा अन्यत्र खटिएमा

(ङ) अशक्त भएको व्यहोरा प्रमाणित भएमा ।

१०. <u>उपसमिति गठन तथा सेवा लिन सक्ने:</u> उम्मेदवार छनोट तथा सिफारिस गर्दा समितिले आवश्यक ठानेका कार्यमा उपसमिति गठन गरी सहयोग लिन वा विज्ञ वा कर्मचारीबाट सेवा लिन सक्नेछ ।

११. <u>नाम सिफारिस</u>: समितिले ३ जना संभाव्य उम्मेद्वारलाई योग्यताका आधारमा क्याम्पस प्रमुख पदमा नियुक्तिको लागि उम्मेदवारको नाम संचालन समिति समक्ष सिफारिस गर्नेछ ।

१२. <u>खर्च सम्बन्धी व्यवस्था</u>: समिति तथा उपसमितिको बैठकसम्बन्धी भत्ता र अन्य आवश्यक खर्च सिद्धार्थ ल क्याम्पस, हेटौंडाबाट भुक्तानी हुनेछ ।

१३. <u>कागजपत्रको संरक्षण</u>: (१) समितिले छनोट तथा सिफारिसको कार्य सम्पन्न गरिसकेपछि यस प्रक्रियाका सम्पूर्ण कागजातहरु गोप्यरुपमा शिलबन्दी गरी क्याम्पसमा राखिनेछ ।

(२) उजूरी परेको अवस्थामा बाहेक प्रचलित कानुनबमोजिम संचालन समितिले निर्णय गरी कागजात धुल्याउन सकिनेछ ।

१४. <u>सचिवालय</u>: समितिको सचिवालय शिक्षा विकास महाशाखा, हेटौंडा उपमहानगरपालिकामा रहनेछ र समितिको लागि आवश्यक कर्मचारी हेटौंडा उपमहानगरपालिका र क्याम्पसले व्यवस्था गर्नेछ ।

१५. <u>बाधा अड्काउ फुकाउने</u>: (१) सार्वजनिक सूचना आव्हान गर्दा रीत नपुगेका आवश्यक निवेदन नपरेमा वा प्राप्त भएका निवेदनहरु पनि अयोग्य भएमा ७ दिनको अवधि दिई पुनः अर्को सूचना आव्हान गरिनेछ।

(२) दोस्रो पटक सूचना आव्हान गर्दा पनि आवश्यक सङ्ख्यामा निवेदन नपरेमा वा निवेदन परेका उम्मेदवारहरुबाट तीनजना उम्मेदवार सिफारिस गर्न योग्य उम्मेदवारहरु अपुग भएमा योग्य दुई जना उम्मेदवार र दुईजना योग्य उम्मेदवार समेत नभएमा एक जना योग्य उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गर्न सक्नेछ।

(३) यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरु यसै बमोजिम र अन्यमा सिद्धार्थ क्याम्पस सञ्चालन तथा व्यवस्थापन नियमावली, २०८० र अन्य प्रचलित कानूनबमोजिम हुनेछ ।

(४) छनोट तथा सिफारिस सम्वन्धी कार्य सम्पादन गर्दा समितिले आवश्यकताअनुसार यस कार्यविधिको व्याख्या गर्ने तथा अन्य उपयुक्त निर्णय गरी कार्यसम्पादन गर्न सक्नेछ।

(५) यस कार्यविधिमा नपरेका विषयमा छनोट तथा सिफारिश समितिले गरेका निर्णय यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसूची-१

(दफा २ को खण्ड (ग) सँग सम्बन्धित)

उम्मेदवारले पेश गर्नुपर्ने कार्ययोजना सहितको निवेदन र आवश्यक कागजातहरु

१. अनुसूची-२ बमोजिमको निवदेन

२. वैयक्तिक विवरण

३. क्याम्पसको व्यावसायिक कार्ययोजना (क्याम्पस सञ्चालन तथा व्यवस्थापन नियमावली, २०८० र कार्यविधि अनुसार क्याम्पसको विकास गर्ने व्यावसायिक कार्ययोजना कम्तिमा २५०० देखि बढीमा ३००० शब्द सम्म) ।

४. कार्य योजनाको प्रस्तुतीकरणको Power point File ।

अ. व्यावसायिक कार्ययोजनामा समावेश हुनुपर्ने बुँदाहरुः (५० अंक)

क. क्याम्पसको वर्तमान अवस्थाको विश्लेषणः शैक्षिक, भौतिक, सामाजिक, आर्थिक र अन्य पक्षको विश्लेषण (१० अंक)

ख. गुणस्तरीय शिक्षा प्रबर्धन योजना : प्राध्यापक क्षमता अभिवृद्धि, प्राध्यापक सामग्री विकास, विद्यार्थी संख्या/शैक्षिक गुणस्तर बृद्धि (१० अङ्क)

ग. पूर्वाधार विकासः भौतिक पूर्वाधार विकास, आधुनिक प्रयोगशाला स्थापना, पुस्तकालय सुदृढीकरण, प्राविधिक पूर्वाधार विकास, सुरक्षित र स्वच्छ वातावरण निर्माण (१० अङ्क)

घ. विद्यार्थी विकास र सहभागिताः विद्यार्थी परामर्श सेवा, विद्यार्थी विकास कार्यक्रम, विद्यार्थी सहभागिता सुनिश्चित, विद्यार्थी कल्याण कार्यक्रम (५ अङ्क)

ङ. अनुसन्धान र प्रकाशनः अनुसन्धान संस्कृति प्रवर्द्धन, प्रकाशन कार्यक्रम, सेमिनार र गोष्ठी आयोजना (५ अङ्क)

च. संस्थागत सुशासनः पारदर्शिता र जवाफदेहिता, सूचना प्रविधिको प्रयोग, कर्मचारी क्षमता विकास (५ अङ्क)

छ. दिगो विकासः आर्थिक दिगोपना, समावेशी शिक्षा, समुदायसँगको सम्बन्ध (५ अङ्क)

आ. उम्मेदवारको मूल्याङ्कन कुल १०० अंकमा हुनेछ। सोको विभाजन तपसिल अनुसार हुनेछ ।

१. व्यावसायिक कार्ययोजना मूल्याङ्कन (५०)

| क्याम्पसको वर्तमान अवस्था विश्लेषण | गुणस्तरीय शिक्षा प्रबर्धन योजना | प्रबिधिमैत्री शिक्षण योजना | पूर्वाधार विकास | अनुसन्धान र प्रकाशन | संस्थागत सुशासन | दिगो विकास | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १० | १० | १० | ५ | ५ | ५ | ५ | ... |
| | | | | | | | |

नोटः ४० (२० अङ्क) प्रतिशत भन्दा कम र ७० (३५ अङ्क) प्रतिशत भन्दा बढीमा अङ्क दिनुपरेमा प्रस्ट कारण खुलाउनु पर्नेछ ।

२. व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्ता (२५ अङ्क)

| व्यक्तित्व | प्रस्तुतीकरण | कार्ययोजनाको नवीनता | योजनाको स्पष्टता | अन्तर्वार्ता | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| २ | ३ | ३ | ७ | १० | | |
| | | | | | | |

नोटः क. ४० (१० अङ्क) प्रतिशत भन्दा कम र ८० (२० अङ्क) प्रतिशतभन्दा बढीमा अङ्क दिनुपरेमा स्पस्ट कारण खुलाउनु पर्नेछ ।

ख. प्रस्तुतीकरण र अन्तर्वार्ता एकै समयमा हुनेछ ।

३.. शैक्षिक योग्यता र अनुभव बापत अङ्क (२५)

<table>
<tr><td rowspan="3">क. शैक्षिक योग्यता बापत १० अङ्क</td><td colspan="2">अ. न्यूनतम शैक्षिक योग्यतावापत (स्नातकोत्तर वा सो सरह)</td><td colspan="2">आ. माथिल्लो शैक्षिक योग्यतावापत (कुनैपनि विषयमा एमफिल वा पिएचडी वा सो सरह)</td><td colspan="2">इ. कानुन विषयमा स्नातकोत्तर गरेको भए</td><td rowspan="3">न्यूनतम योग्यता कानुनमा स्नातकोत्तर गरेको अवस्थामा (अ) र (इ) दुवैको अंक गणना हुनेछ ।</td></tr>
<tr><td>प्रथम श्रेणी</td><td>दोस्रो श्रेणी</td><td>प्रथम श्रेणी</td><td>दोस्रो श्रेणी</td><td>प्रथम श्रेणी</td><td>दोस्रो श्रेणी</td></tr>
<tr><td>५</td><td>३</td><td>३</td><td>२</td><td>२</td><td>१</td></tr>
<tr><td colspan="7">ख. प्राध्यापन अनुभव बापत १० अङ्क, जसमा</td><td></td></tr>
<tr><td colspan="2">उप प्राध्यापक वा सोसरहको अनुभववापत प्रति वर्ष</td><td colspan="2">सह प्राध्यापक वा सोसरहको अनुभववापत प्रति वर्ष</td><td colspan="2">प्राध्यापक वा सोसरहको अनुभववापत प्रति वर्ष</td><td></td><td>कैफियत</td></tr>
<tr><td colspan="2">१ अंक</td><td colspan="2">१.५ अंक</td><td colspan="2">२ अंक</td><td></td><td></td></tr>
<tr><td colspan="2"></td><td colspan="2"></td><td colspan="2"></td><td></td><td></td></tr>
<tr><td colspan="8">ग. हेटौंडा उपमहानगरपालिकाभित्र स्थायी बसोबास भएको महिला भएमा ३ अंक</td></tr>
<tr><td colspan="8">घ. बागमती प्रदेशमा स्थायी बसोबास भएको भए २ अंक</td></tr>
</table>

४. कार्ययोजनाका साथ पेश गर्नुपर्ने कागजात

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख. मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि । बिदेशी विश्वविद्यालयबाट अध्ययन गरेको भए सम्वन्धित निकायको समकक्षता प्रमाण पत्रको प्रतिलिपि ।

ग. ३० वर्ष उमेर पूरा भई ५५ वर्ष ननाघेको खुल्ने कागजातको प्रतिलिपि ।

घ. व्यवस्थापन, प्रशासनिक तथा शिक्षाको क्षेत्रमा स्नातकोत्तर गरी कम्तिमा पाँच वर्षको कार्य अनुभवका सम्वन्धमा सम्वन्धित संस्थाबाट अनुभव खुलेको प्रमाणित कागजातको प्रतिलिपि नियुक्ति पत्रको प्रतिलिपि) ।

ङ. कुनै पनि फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको स्व घोषणा पत्र (कुनै कानुनले अयोग्य नठहरिएको भनी उल्लेख गर्ने)।

च. महिलाको हकमा हेटौंडा उपमहानगरपालिकाभित्र स्थायी बसोबास भएमा सोको प्रमाण ।

छ. बागमती प्रदेशमा स्थायी बसोबास गरेको भए सोको प्रमाण ।

अनुसूची-२
(दफा २ को खण्ड (क) सँग सम्बन्धित)
आवेदन फारामको नमूना

मितिः २०८१।   ।

श्री क्याम्पस प्रमुख छनोट तथा सिफारिश समिति

श्री सिद्धार्थ ल क्याम्पस

हेटौंडा उपमहानगरपालिका, मकवानपुर ।

तहाँ समितिको मिति २०८१।   ।   को सार्वजनिक सूचनाबमोजिम श्री श्री सिद्धार्थ ल क्याम्पस हेटौंडा उपमहानगरपालिका, मकवानपुरको रिक्त क्याम्पस प्रमुखमा नियुक्त हुनका लागि आफू इच्छुक भएका कारण माग गरिएका कागजात संलग्न राखी यो आवेदन पेस गरेको छु ।

हस्ताक्षर:

आवेदकको नाम/थर:

स्थायी ठेगाना:    अस्थायी ठेगाना:

सम्पर्क नं.    इमेल:

शैक्षिक योग्यता:    मुख्य विषय:

अनुसूची-३
(दफा ४ को उपदफा (१) को खण्ड (घ) सँग सम्बन्धित)
**स्वघोषणा पत्र**

मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिकास्थित श्री सिद्धार्थ ल क्याम्पसको क्याम्पस प्रमुख पदका लागि मिति २०८१।११।१५ गते भएको सूचनाबमोजिम मेरो देहायको अवस्था रहेको स्वघोषणा गर्दछु ।

| क्रसं | विवरण |
|---|---|
| १ | समितिसँग आफ्नो वा आफ्नो परिवारको सदस्यको निजी स्वार्थ नभएको |
| २ | आफ्नो नाममा व्यक्तिगत बेरुजू बाँकी नरहेको वा करचुक्ता गरेको |
| ३ | भ्रष्टाचार, सम्पत्ति सुद्धीकरण, बैंकिङ कसुर वा नैतिक पतन देखिने फौजदारी अभियोग नलागेको |
| ४ | कीर्ते तथा जालसाजीको आरोमा सजाय नपाएको |
| ५ | प्रचलित कानुनबमोजिम दामासाही/कालो सूची नपरेको |
| ६ | प्रचलिन कानुनद्वारा अयोग्य नठहरेको |

स्वघोषणा गर्नेको नाम/थर:

दस्तखत:

नाम/थर:

मिति: २०८१।    ।